## विशेष अदालतबाट जारी
## प्रेस विज्ञप्ती

हालै केही सञ्चार माध्यम, प्रिन्ट मिडिया र सामाजिक सञ्जालहरूमा यस अदालतबाट फैसला भई पूर्ण पाठ तैयार भै नसकेका फैसलाहरूसमेतलाई लिएर अदालत, न्यायाधीश एवम् न्याय सम्पादन प्रकृयाका बारेमा लगातार अनर्गल एवम् भ्रामक समाचारहरू प्रकाशित र प्रसारित भए गरिएको विषयमा यस अदालतको गम्भीर ध्यानाकर्षण भएको छ।

अदालतबाट हुने हरेक कामकारवाहीको स्पष्ट कार्यविधि र प्रक्रिया तोकिएको छ। मिसिल, प्रमाण र कानूनको आधारमा फैसला गरिन्छ। फैसलामा निर्णयको यथेष्ठ आधार र कारण खुलाइएको हुन्छ। फैसलाहरू सम्बन्धित सरोकारवालालाई उपलब्ध हुनुका साथै अदालतको वेवसाइटसमेतमा अपलोड गर्ने गरिएको छ। अदालतको फैसलामा चित्त नबुझ्ने पक्षले उक्त फैसला उपर कानून बमोजिम माथिल्लो तहको अदालतमा पुनरावेदन गर्न सक्ने हाम्रो न्यायिक प्रणाली रहेको छ।

अदालतबाट भएका कामकारवाहीका सम्बन्धमा आधिकारिकता पुष्टि गर्न प्रवक्ता एवम् सूचना अधिकारीको प्रबन्ध गरिएकोमा सम्बन्धित अधिकारीसँग सूचनाको पुष्टि नै नगरी प्रकाशन तथा प्रशारण हुने अपुष्ट/अप्रमाणित सामाग्रीहरूले सरोकारवालाबीच भ्रम पैदा हुन जाने र समग्र अदालतप्रतिको स्वतन्त्रता, निष्पक्षता, सक्षमता, विश्वसनीयता एवम् जनआस्थामा आँच पुग्ने हुँदा यस प्रकारका समाचारका सामग्रीहरू प्रकाशन तथा प्रशारण गर्नुपूर्व उक्त विषयवस्तुको आधिकारिकता पुष्टि गरेर मात्र गर्नुहुन सम्बद्ध सबैसँग अनुरोध गरिएको छ।

०७९।०४।१०

मिति: २०७९।०४।१०

प्रवक्ता (उपरजिस्ट्रार)